**आकाशवाणी समाचार- नेपाली**
मितिः ११ अप्रेल २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- भोलि 12 अप्रेलको दिन प्रधानमन्त्री नरेन्द्र मोदीले सिलगढ़ीको कावाखाली मैदानमा एक विशाल जनसभालाई सम्बोधन गर्नु हुनेछ।

- केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले हि ममता ब्यानर्जी सरकारमाथि कडा आक्रमण गर्नु भयो।

- मुख्यमन्त्री ममता ब्यानर्जीले मतदाता सूचीबाट नाम हटाइएको सम्बन्धमा गम्भीर आरोप लगाउनु हुँदै लगभग ९० लाख मानिसहरूको नाम सूचीबाट हटाइएको बताउनु भएको छ।

- भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका राज्य सचिव मोहम्मद सलीमले निर्वाचन आयोगको भूमिकाप्रति तीव्र आक्रोश व्यक्त गर्नु भएको छ।

- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाले यसपाली पश्चिम बङ्गालमा टीएमसीले नै सरकार बनिने दावी गर्नु भएको छ।

**प्रधानमन्त्री – सिलगढ़ीमा विशाल जनसभा**

भोलि 12 अप्रेलको दिन प्रधानमन्त्री नरेन्द्र मोदीले सिलगढ़ीको कावाखाली मैदानमा एक विशाल जनसभालाई सम्बोधन गर्नु हुनेछ। यस र्‍यालीलाई लिएर व्यापक तयारी भइरहेको छ। सभास्थलमा विराट मञ्च निर्माण गरिएको छ साथै साउण्ड र लाइटिंगको व्यवस्था गरिँदैछ। सुदूरवर्ती क्षेत्रहरूबाट आउने सेमर्थकहरूको लागि पार्किंग, पिउने पानी तथा अस्थायी शौचालयको सुविदा पनि तयार गरिँदैछ। प्रधानमन्त्रीको यस भ्रमणलाई मध्यनजर गर्दै सुरक्षाको कड़ा बन्दोबस्त गरिएको छ। भाजपाको केन्द्रिय टीमले पनि सिलगढ़ीमा आएर सभास्थलको जायजा लियो। सम्पूर्ण क्षेत्रमा पुलिसको निगरानी बढ़ाइएको छ भने कतिपय स्थानहरूमा विशेष जाँच अभियान संचालन गरिँदैछ। यस अतिरिक्त पुलिस बल र सीसीटीभीलाई पनि तैनाथ गरिँदैछ।
यस र्‍यालीलाई लिएर राजनीतिक माहोल पनि तातिएको छ साथै कार्यकर्ताहरूमा उत्साह देख्न पाइँदैछ।

**अमित शाह**

पश्चिम बंगाल विधानसभा चुनावको बीचमा केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले हिजो पश्चिम मेदिनीपुरको डेब्रामा एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुँदै ममता ब्यानर्जी सरकारमाथि कडा आक्रमण गर्नु भयो। उहाँले तृणमूल कांग्रेसले घाटाल गुरुयोजनालाई "गडबडी" मा परिणत गरेको आरोप लगाउनु भयो। श्री अमित शाहले भन्नु भयो, केन्द्र सरकारले यस परियोजनाको लागि १५ सय करोड विनियोजन गरेको छ। केन्द्रले ६० प्रतिशत रकम योगदान गर्न तयार थियो,

तर राज्य सरकारले यो योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न असफल भयो। उहाँले आश्वासन दिनु भयो, यदि राज्यमा भाजपाको सरकार बन्यो भने घाटालको जल निकासी समस्याको स्थायी समाधान एक वर्षभित्र फेला पर्नेछ।
र्‍यालीको क्रममा श्री अमित शाहले घुसपैठको मुद्दा पनि प्रमुखतापूर्वक उठाउनु भयो। उहाँले भन्नुन भयो, राज्यमा ठूलो मात्रामा अनाधिकृत घुसपैठ भएको छ, जसले गर्दा को भारतीय नागरिक हो र को होइन भनेर छुट्याउन गाह्रो भएको छ। उहाँले जोड दिनु भयो, एक पटक भाजपाको सरकार स्थापित भएपछि कडा सीमा सुरक्षा व्यवस्था लागू गरिनेछ - यति प्रभावकारी कि "चरा पनि घुसपैठ गर्न सक्ने छैन।"

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगाल विधानसभा चुनावको बीचमा मुख्यमन्त्री ममता बनर्जीले हिजो स्वरूपनगरमा एक सार्वजनिक र्‍यालीलाई सम्बोधन गर्नु हुँदै मतदाता सूचीबाट नाम हटाइएको सम्बन्धमा गम्भीर आरोप लगाउनु भएको छ। उहाँले भन्नु भयो, रिपोर्टहरू बाहिर आएका छन् जसले संकेत गर्दछ कि लगभग ९० लाख मानिसहरूको नाम सूचीबाट हटाइएको छ - जसमा लगभग ६० लाख हिन्दू र ३० लाख मुस्लिम छन्। तृणमूल कांग्रेस उम्मेदवार बिना मण्डलको समर्थनमा आयोजित र्‍यालीमा बोल्नु हुँदै मुख्यमन्त्रीले घोषणा गर्नु भयो, उहाँको पार्टीले ब्लक स्तरमा यो दावीको सत्यता प्रमाणित गर्नेछ। उहाँले स्पष्ट पार्नु भयो, पार्टीले यस विषयमा व्यापक अनुसन्धान पूरा भएपछि मात्र आधिकारिक रूपमा आफ्नो अडान स्पष्ट गर्नेछ।
भेलाको क्रममा मुख्यमन्त्री ममता ब्यानर्जीले अन्य राज्यका मानिसहरूलाई पश्चिम बंगालमा ल्याइँदै गरेको आरोप पनि लगाउनु भयो। उहाँले दाबी गर्नु भयो, हालै, मतदानको उद्देश्यका लागि लगभग ५० हजार मानिसहरूलाई रेलबाट उत्तर प्रदेशबाट असम पुर्‍याइएको थियो। केन्द्र सरकारलाई लक्षित गर्दै मुख्यमन्त्रीले देशका सबै एजेन्सीहरू सत्तारूढ दलको प्रभावमा काम गरिरहेका छन् भनी जोड दिनु भयो।

**बंगालमा प्रवर्तन निर्देशनालयद्वारा छापा**

राशन वितरणमा कथित अनियमिततालाई लिएर पश्चिम बंगालमा प्रवर्तन निर्देशनालय फेरि एक पटक सक्रिय भएको छ। हिजो बिहानदेखि धेरै जिल्लाहरूमा एकैसाथ छापा मारिएको छ। सूत्रहरू अनुसार, कोलकाता, हावड़ा, बनगाउँ र मुर्शिदाबादसहित राज्यभरि कूल 12 स्थानमा खोजी भइरहेको छ। अनुसन्धान एजेन्सीले राशन वितरण प्रक्रिया र सम्बन्धित वित्तीय लेनदेनको अनुसन्धान गरिरहेको छ। प्रवर्तन निर्देशनालयका अधिकारीहरू हिजो बिहान कोलकाताको बसन्त कुमार रोडस्थित एक व्यापारीको घरमा पुगे। राशन वितरणका तरीकाहरू र आपूर्ति सञ्जालको बारेमा व्यवसायीलाई सोधपुछ गरिएको छ। शहरको पोद्दार कोर्ट र मिन्टो पार्क क्षेत्रका धेरै स्थानहरूमा पनि खोजी भइरहेको छ।
प्रवर्तन निर्देशनालयले रानीगञ्जमा अजय कोयाल नामक व्यापारीको घरमा पनि छापा मारेको छ। अजय कोयालको रानीगञ्जमा लामो समयदेखि चामलको व्यवसाय छ, जुन राज्य बाहेक देशका अन्य भागहरूमा फैलिएको बताइएको छ। रिपोर्टका अनुसार, उनी विदेशमा पनि चामल आपूर्ति गर्छन्।

**निर्वाचन आयोगको भूमिकाप्रति तीव्र आक्रोश**

भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका राज्य सचिव मोहम्मद सलीमले निर्वाचन आयोगको भूमिकाप्रति तीव्र आक्रोश व्यक्त गर्नु भएको छ। हिजो कोलकाताको मुजफ्फर अहमद भवनमा आयोजित पत्रकार सम्मेलनमा बोल्नु हुँदै उहाँले लाखौं मतदाताको नाम मतदाता सूचीबाट हटाइएमा स्वतन्त्र र निष्पक्ष चुनाव असम्भव भएको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो, "हामी भन्छौं कि ठूलो संख्यामा मानिसहरू आफ्नो मताधिकारबाट वञ्चित हुँदा कुनै पनि लोकतान्त्रिक चुनाव हुन सक्दैन।" उहाँले उल्लेख गर्नु भयो, पार्टीले एसआईआर मतदाता सूचीको प्रकाशनको पर्खाइमा रहेको थियो, तर धेरै व्यक्तिहरूको नाम सूचीबाट हराएको छ।

उहाँले अझ भन्नु भयो, सर्वोच्च अदालतले गरेको अवलोकन - जसले सुझाव दिन्छ कि मतदान प्रक्रियामा भाग नलिए पनि मतदानको अधिकार कायम रहनेछ - ले भ्रमको स्थिति सिर्जना गरेको छ। उहाँ अनुसार मतदानको अधिकार नागरिक स्वतन्त्रताको आगमनदेखि नै नागरिकहरूले उपभोग गर्दै आएको संवैधानिक र लोकतान्त्रिक अधिकार हो।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाले टर्चलाइट निभ्दैन, गोर्खाको सशक्त विधायक पठाऔं भनी चालकहरुलाई आह्वान गर्नु भएको छ। उहाँले पार्वतीय चालक सङ्घले भागोप्रमोलाई समर्थन गर्ने निर्णय लिएकोमा खुशी व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो, 'आज पार्वतीय चालक महासङ्घको स्थापनाको दिन ऐतिहासिक रह्यो। लगभग ३० वटा सङ्गठनका साथीहरू जुटेर नयाँ पार्वतीय चालक सङ्घ बनायौं। यो सङ्घले भागोप्रमोलाई समर्थन जनाउने निर्णय गरेको छ।' उहाँले अझ भन्नु भयो, 'यसपाली पश्चिम बङ्गालमा टीएमसीले नै सरकार बनाउनेछ। हामी टीएमसीको गठबन्धनको हिस्सा हौं। त्यसैले हामीले आफ्नो पार्टीको विधायक पठाउन अत्यन्तै जरुरी छ। हामी सबैले टर्चलाइट चिन्हमा एकजुट भएर भोट दियौं भने मात्र हाम्रो आवाज सदनमा पुग्छ।'

**पुलिस र केन्द्रिय बलद्वारा रूट मार्च**

पश्चिम बंगालमा निष्पक्षर शान्तिपूर्ण चुनाउ सुनिश्चित गर्नको लागि पुलिसले अनौठो ढंगमा जागरूकता अभियान शुरू गरेको छ। हिजो अलिपुरद्वार-1 ब्लकको शाल कुमारहाटर भंडानीहाट बजारमा सोनापुर पुलिस थानाका ओसी मिंगमा शेर्पाले केन्द्रिय बलहरूसित सड़कमा उत्रेर मानिसहरूसित सोझै सम्वाद गर्नु भयो। रूट मार्च अवधि पुलिसले आम नागरिकहरूसित निर्भय भएर आफ्नो मताधिकारको प्रयोग गर्ने अपील गऱ्यो। यस अवधि ओसीले स्पष्ट रूपमा 6 वटा महत्वपूर्ण सन्देश दिनु भयो। उहाँले भन्नु भयो, कुनै पनि प्रकारको हिंसा, डर देखाउने-धम्काउने, उक्साउने, जाली मतदान वा बूथ कब्जा गर्ने चेष्टालाई सहन गरिनेछैन। पुलिसले चेताउनी दियो, चुनाउ प्रक्रियामा बाधा दिनेहरू विरूद्ध कड़ा कानूनी कारबाही गरिनेछ। पुलिस तथा केन्द्रिय बलहरूको यस संयुक्त पहलबाट स्थानीय मानिसहरूमा भरोसा तथा सुरक्षाको भावना मजबुत भएको छ।

****** ० ******